प्र.जि.अ.का.झापा द.नं. २५/०३९/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

# जनज्योति साप्ताहिक
Janajyoti Weekly

■ वर्ष: ४५ ■ अंक : ०३ ■ २०८३ वैशाख १३ गते आइतबार ■ Sunday, 26 Apr. 2026 ■ मूल्य रू. ७।-

कला जोगाऔं, संस्कृति बचाऔं ।
- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत–संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### दमक साहित्य कला संगमद्वारा पुरस्कार अर्पण कार्यक्रम

# देश तथा विदेशका साहित्यिक श्रष्टाहरू सम्मानित

खगेन्द्र कार्की

दमक । झापा जिल्लाको दमकस्थित साहित्य कला सङ्गमले आयोजना गरेको 'पुरस्कार अर्पण समारोहमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यक श्रष्टालाई सम्मान तथा पुरस्कृत गरेको छ । दमक वडा नं. ८ स्थित केबीआर होटलमा आयोजना गरिएको सो कार्यक्रमको अध्यक्ष संस्थाका अध्यक्ष विन्दु दहाल मुकदर्शकले गरेका थिए भने प्रमुख आतिथ्यता प्रा.डा. गंगाप्रसाद अधिकारीको रहेको थियो ।

सो कार्यक्रममा भवानी मिश्र अन्तराष्ट्रिय पुरस्कारबाट आसामका मोहन सुवेदी, तुलसादेवी न्यौपाने स्मृति पुरस्कारबाट प्रा.डा. भीम खतिवडा (धरान), भवानी मिश्र राष्ट्रिय पुरस्कारबाट क्रमशः वरिष्ठ साहित्यकारहरु वासुदेव पाण्डे (वैतडी), खेम नेपाली (विराटनगर, मोरङ, राजेन्द्र संग्रौला (बिर्तामोड), वीरेन्द्र थोक्लिहाङ (सिवसताक्षी नगरपालिका)लाई सम्मानित तथा पुरस्कृत गरिएको छ । यसैगरी साहित्य कला श्री पुरस्कारबाट प्रा.डा. गोपाल प्रसाद भण्डारी (दमक) सम्मानित तथा पुरस्कृत भए । यस्तै रुद्र निरौला स्मृति पुरस्कारबाट मेघराज तिम्सिना (दमक) प्रदान गरियो भने चन्द्रवीर स्मृति पुरस्कारबाट विना अधिकारी (बिर्तामोड)लाई प्रदान गरिएको छ । पुरस्कृत व्यक्तित्वहरुलाई ११ हजार १११ देखि ३५ हजारसम्म राशी नगद प्रदान गरिएको छ ।




प्राज्ञ सुमित्रा बाङ्देल चेली, प्रा.डा. भीम खतिवडा, प्रा.डा. गोपालप्रसाद भण्डारी, वरिष्ठ साहित्यकारहरू मोहन सुवेदी, बासुदेव पाण्डेय, खेम नेपाली, राजेन्द्र सङ्ग्रौला, नरपति पाण्डे, हेम अधिकारी, श्रीप्रसाद पोखरेललगायतको आतिथ्यता रहेको सो कार्यक्रममा पूर्व मेचीदेखि पश्चिमसम्मका साहित्यिक स्रष्टाहरु, विभिन्न सामाजिक संस्थाका प्रतिनिधिहरू, प्रज्ञा प्रतिष्ठानका पदाधिकारी,

बाँकी ४ पेजमा ▸▸

# पूर्वमन्त्री पाण्डेसहित दुई पक्राउ

दमक । राप्रपाका वरिष्ठ नेता एवं पूर्वमन्त्री विक्रम पाण्डे पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले आज पाण्डेलाई पक्राउ गरेको सिआइबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिए ।

उनले सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रणालीमा अनाधिकृत पहुँच पुऱ्याइ विभिन्न ठेक्काहरूका विवरण हेरफेर गरेको आरोपमा पक्राउ गरिएको बताए ।

कालिका कन्स्ट्रक्सनका सञ्चालक पाण्डेसँगै भीषण कन्स्ट्रक्सनका सञ्चालक टंककुमार श्रेष्ठलाई पनि सोही कसुरमा पक्राउ गरिएको सिआइबीले जनाएको छ । उनीहरूमाथि सार्वजनिक खरिद अनुगमन कार्यालयको ठेक्काको आर्थिक प्रस्ताव खोल्नुभन्दा अगावै आर्थिक प्रस्तावको डकुमेन्ट परिवर्तन गर्ने कार्य गरेको उजुरी निवेदनका आधारमा साइबर ब्यूरो भोटाहिटीमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा मुद्दा दर्ता भएको थियो ।

सोही कसुरमा ब्यूरोबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी हाल परिवर्तन भएको सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा पाण्डेमाथि थप अनुसन्धान भइरहेको प्रवक्ता श्रेष्ठले बताए। उक्त मुद्दामा हालसम्म जम्मा ९जना शङ्कास्पद व्यक्तिहरूलाई पक्राउ गरी अनुसन्धान भइरहेको उनले बताए ।

# मदन भण्डारी राजमार्गले लियो गति



जनज्योती समाचार

दमक/ पूर्वपश्चिम महेन्द्र राजमार्गको विकल्प समेत हुने गरि शुरु गरिएको राष्ट्रिय गौरवको आयोजनाको मदन भण्डारी राजमार्गको पूर्वीखण्ड निर्माणले गति लिएको छ ।

झापाको बाहुनडाँगागी बाट सुरु भएको यो राजमार्ग अन्तर्गतका पूर्वी क्षेत्रका अधिकांक पुल निर्माण भई सकेका छन् । यस राजमार्ग अन्तर्गत पूर्वी भागमा पर्ने २५ ओट पुल निर्माण भई सकेका छन् । झापा, मोरङ र सुनसरी खण्डमा पर्ने ३७ पुलमध्ये हालसम्म २५ वटा निर्माण सम्पन्न भइसकेको मदन भण्डारी राजमार्ग आयोजना कार्यालय दमकले जनाएको छ । कार्यालय प्रमुख कर्ण केसीका अनुसार झापाको बाहुनडाँगीबाट सुनसरीको चतरासम्मको १३१ किलोमिटर सडकमा पर्ने २५ वटा पुल निर्माण भएका हुन् । निर्माण सम्पन्न भएका पुलको लम्बाइ २० मिटरदेखि ३०० मिटरसम्म छ । यस राजमार्ग अन्तर्गत पर्ने ईलाम खण्डका सवै पुलहरु निर्माण भई सकेका छन् भने अन्यका १२ ओट निर्माणाधिन अवस्थामा रहेका छन् । निर्माणाधिन मध्ये पनि सुनसरीका ४ मध्ये ३ ओटा अन्तिम

बाँकी ४ पेजमा ▸▸

# मापासेपछि ट्राफिकलाई लापसे चुनौती बन्दै

दमक/ मादक पदार्थ सेवन(मापसे गरेर सवारी साधन चलाउने प्रवृति नियन्त्रणका लागि प्रहरीले कडाई गरेसँगै लागुपदार्थ सेवन(लापसेको चुनौती बढेको छ । प्रहरीले चेकजाँच गर्दा लापसे गरेर समेत सवारी साधन चलाउने गरेको पाईएको हो । प्रहरी टोलीले दमकमा यात्रुवाहक सवारीसाधनको चालक तथा सहचालकको स्वास्थ्य परीक्षण तथा यान्त्रिक चेकजाँच गरेको थियो । त्यसरी चेकजाँच गरिएका ५४ चालक तथा सहचालकमध्ये तीन जना चालक र दुई जना सहचालकले लागुपदार्थ सेवन गरेर सवारीसाधन सञ्चालन गरिरहेको पाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खड्काले जानकारी दिए । उनका अनुसार दुई जना चालकले मदिरा सेवन गरेरै सवारी हाँकिरहेका परीक्षणबाट पुष्टि भएको हो ।

लागुपदार्थ तथा मदिरा सेवन गरेका चालक तथा सहचालकलाई नियन्त्रणमा लिने क्रममा प्रहरीमाथि गालीगलौज र दुर्व्यवहार गरेको आरोपमा पाँच जनालाई मुलुकी फौजदारीसंहिता, २०७४ अन्तर्गत सार्वजनिक स्थलमा अभद्र व्यवहार गरेको कसुरमा मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

# ईलाम अस्पतालको भवन शुरू

ईलाम/ इलाममा निर्माण हुन लागेको इलाम अस्पतालको आकस्मिक कक्ष (इमर्जेन्सी) सेवाको नयाँ भवनको शिलान्यास गरिएको छ। नेपालका लागि भारतीय दुताबासकी कन्सुलर गीताञ्जली ब्रेन्डन र इलाम नगरपालिका प्रमुख केदार थापाले संयुक्त रुपमा आकस्मिक कक्षको शिलान्यास गरेका हुन् । अस्पतालका लागि दुताबासको १९ करोड ७५ लाख ४४ हजार ४२० रुपियाँ रकम सम्झौता रहेको जनाइएको छ ।

यसमध्ये १४ करोड १५ लाख ४४ हजार ४२० भवन निर्माणमा र स्वास्थ्य उपकरण र सामग्री खरिदमा ५ करोड ६० लाख खर्च गर्ने सम्झौता रहेको इलाम नगरपालिका प्रमुख केदार थापाले जानकारी दिए ।

# सुकुम्बासीको नाममा टहरा बनाएर भाडा असुली

काठमाडौं । सुकुम्बासीको नाममा सार्वजनिक जग्गा अतिक्रमण गरी टहरा बनाएर भाडा असुली गर्ने धन्दा बाहिर आएको छ । सरकारले राजधानीका विभिन्न सुकुम्बासी बस्तीमा डोजर चलाएर अवैध संरचना हटाउन थालेपछि त्यहाँभित्र चलिरहेको अवैध गतिविधि क्रमशः सतहमा आउन थालेको हो ।

सरकारी अभियानअन्तर्गत टहरा भत्काउन सुरु भएसँगै वास्तविक सुकुम्बासी र अवसरका लागि बसोबास गरेका व्यक्तिहरू छुट्टिन थालेका छन् । कतिपय बासिन्दा आफ्ना सामान बोकेर अन्यत्र सरेका छन् भने केही वास्तविक सुकुम्बासी भने वैकल्पिक व्यवस्थाको खोजीमा सरकारको सम्पर्कमा आउन थालेका छन् ।

यसैबीच, सुकुम्बासी बस्तीभित्र टहरा बनाएर भाडामा दिने संगठित धन्दा सञ्चालन भइरहेको तथ्य खुलेको छ । थापाथलीस्थित सुकुम्बासी बस्तीमा बस्दै आएका मुकेश पास्वीले आफू मासिक चार हजार रुपैयाँ तिरेर बस्दै आएको बताएका छन्। उनका अनुसार बस्तीभित्रै एक व्यक्तिले 'मेयर' जस्तै भूमिका निर्वाह गर्दै सबैबाट पैसा उठाउने गरेको थियो ।

"यहाँभित्र एक जना पैसा उठाउने व्यक्ति थिए, हामीले मासिक चार हजार तिर्थ्यौं । पैसा नदिए सामान नै बाहिर

बाँकी ४ पेजमा ▸▸

# तीन जिल्लामा २ सय ५४ पक्राउ

दमक/ कोशी प्रदेश प्रहरीले झापा, मोरङ र सुनसरीमा स्विप अप्रेसन सञ्चालन गर्दै २५४ जनालाई पक्राउ गरेको छ । लागुऔषध कारोबार, प्रयोग तथा आपराधिक गतिविधि नियन्त्रण गर्न अभियान चलाइएको हो ।

प्रहरी प्रमुख विनोद घिमिरे (डीआईजी) ले २४ घण्टाभित्र परिणाम देखिने गरी कडा निर्देशन दिएपछि तीन जिल्लामा एकसाथ अप्रेसन सुरु गरिएको थियो । उनका अनुसार विगतका लागुऔषध सम्बन्धी मुद्दाका अभियुक्तहरूको रेकर्ड निकालेर खानतलासी गर्ने, पक्राउ गर्ने र आवश्यक कारबाही गर्ने निर्देशन दिइएको थियो । मोरङमा ७२ जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख कवित कट्वालका अनुसार पक्राउ पर्नेमा लागुऔषध प्रयोगकर्ता, बिक्री( वितरणमा संलग्न तथा समाजमा अशान्ति फैलाउने व्यक्तिहरू रहेका छन्। केहीको साथबाट लागुऔषधसमेत बरामद भएको छ ।

सुनसरीमा १२० जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता चन्द्र खड्काका अनुसार पक्राउ परेकामध्ये १५ जनालाई पुनर्स्थापना केन्द्र पठाइएको छ भने ७६ जनालाई आफन्तको जिम्मा लगाइएको छ । गम्भीर प्रकृतिका मुद्दामा संलग्न २ जना र १ जना फरार प्रतिवादीलाई कानुनी दायरामा ल्याइएको छ। सो क्रममा २६.५६ ग्राम ब्राउन सुगर र ४४ पिस प्रतिबन्धित ट्याब्लेट बरामद गरिएको छ ।

झापामा ६२ जना पक्राउ परेका छन । डीएसपी खगेन्द्र कार्कीका अनुसार २० ग्राम ४० मिलिग्राम ब्राउन सुगर बरामद गरिएको छ । चेकजाँचका क्रममा प्रहरीमाथि अभद्र व्यवहार गर्ने ६ जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ ।

# जमरकट्टेल वंशद्वारा सम्मान

दमक/ जमर कट्टेल वंश प्रतिष्ठानले आफ्नो वंशका विभिन्न प्रतिभा र ज्येष्ठ सदस्यहरुलाई सम्मान गरेको छ । शनिबार दमकमा आयोजीत कार्यक्रममा उनीहरुलाई दोसल्ला ओढाएर सम्मान पत्र सहित सम्मान गरिएको हो ।

प्रतिष्ठानका अध्यक्ष देवीप्रसाद जमर कट्टेलको अध्यक्षता तथा दमक नगरपालिकाका नगरप्रमुख रामकुमार थापाको प्रमुख आतिथ्यमा

बाँकी ४ पेजमा ▸▸

# २३ करोडको कोल्डस्टोरेज अलपत्र

ईटहरी/ २३ करोड रुपैयाँ भन्दा बढिको लागनमा निर्माण थालिएको इटहरी उपमहानगरपालिका(९ वडा कार्यालयसँगै निर्माणाधीन कोल्ड स्टोर परियोजना बजेट अभावका कारण अलपत्र परेको छ ।

कृषि उपज भण्डारणका लागि निर्माण सुरु गरिएको उक्त कोल्ड स्टोर २३ करोड ४१ लाख रुपैयाँमा सम्झौता भई सुरु गरिएको थियो । आयोजनाका लागि संघीय सरकार र प्रदेश सरकारले १२ करोड ५० लाख रुपैयाँ उपलब्ध गराउने योजना रहेकोमा कोशी प्रदेश सरकारले हालसम्म १ करोड रुपैयाँ मात्र भुक्तानी गरेको छ। संघीय सरकारबाट बाँकी रकम नआएपछि आयोजनाको गति सुस्त भएको हो । उपमहानगरपालिकासँग समेत पर्याप्त बजेट नहुँदा निर्माण कम्पनीलाई भुक्तानी रोकिएको छ । उपमहानगरपालिकामा पेश गरिएको करिब अढाई करोड रुपैयाँको रनिङ बिलसमेत अझै भुक्तानी हुन सकेको छैन ।

निर्माण कम्पनी तुलसी भक्त कन्स्ट्रक्सनका सञ्चालक नवराज श्रेष्ठका अनुसार हटिया क्षेत्रको साइड क्लियरेन्स नहुनु र भुक्तानी नपाउनु निर्माण ढिलाइको मुख्य कारण हो । उनले कोल्ड स्टोरमा मेसिन जडान बाँकी रहेको र आवश्यक सहजीकरण भए ६ महिनाभित्र काम सम्पन्न गर्न सकिने बताए ।

उनका अनुसार उपमहानगरपालिकाले दुई वर्षदेखि भुक्तानी र साइड क्लियरेन्सको समस्या समाधान नगर्दा काम प्रभावित भएको हो। हटिया बजार व्यवस्थापन हुन नसक्दा डिजाइन परिवर्तन गरेर कोल्ड स्टोर निर्माण गरिएको समेत उनले उल्लेख गरे ।

# उत्तरी मोरङको सुरक्षामा ड्रोनको प्रयोग

लेटाङ । उत्तरी मोरङमा शान्ति सुरक्षा थप प्रभावकारी बनाउने उद्देश्यले प्रहरीले प्रविधिमैत्री प्रणालीलाई प्राथमिकता दिएको छ। यसैक्रममा इलाका प्रहरी कार्यालय लेटाङले प्रविधियुक्त ड्रोन क्यामेराबाट निगरानी सुरु गरेको छ ।

कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले लेटाङस्थित इलाका प्रहरी

बाँकी ४ पेजमा ▸▸

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक–६, थानारोड (झापा)
Call : 9819041615/9810315415

YOU ARE INVITED TO
A.G. EXPRESS
"Trusted Partner to Nepal"
Grand OPENING
A.G. EXPRESS CARGO & COURIER
DAMAK BRANCH OPENING
Join us as we celebrate the opening of our new branch in Damak.
DATE: Sunday Baisakh 13
TIME: Opening at 9:00 AM
VENUE: Ratopool, Damak-6, Nepal
PHONE: 9852635002
Toll Free : 18105000456
SPECIAL OFFER: Enjoy 10% Discount for 1 Month from Opening
We look forward to serving you!

सम्पादक/प्रकाशक : गञ्जबहादुर दाहाल
ले-आउट : सुरेन बस्नेत
मुद्रक : अमरज्योति अफसेट, प्रेस, दमक- ११
कार्यालय : दमक-५ फोन:५८०२७२

## प्रकाशकीय

# सुकुमबासी समस्या : दिगो समाधानको खाँचो

काठमाडौंका नदी किनाराबाट अन्यवस्थित बस्ती हटाउने अभियानसँगै देशका विभिन्न स्थानमा अतिक्रमित सार्वजनिक तथा सरकारी जग्गा खाली गराउने क्रम सुरू भएको छ । यो अभियान कानुनी शासन, सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थित शहरी विकासका दृष्टिले महत्वपूर्ण मानिन्छ । तर यससँग जोडिएको सुकुम्बासी समस्या केवल जग्गा अतिक्रमणको विषय मात्र होइन, यो सामाजिक न्याय, रोजगारी, अवसर र राज्यको जिम्मेवारीसँग पनि गहिरो रुपमा सम्बन्धित विषय हो ।

नेपालमा सुकुम्बासी समस्या वर्षौंदेखि भूमि व्यवस्थापनको जटिल चुनौतीका रुपमा रहँदै आएको छ । विशेषगरी सुगम र सहरी क्षेत्रमा यसको प्रभाव बढी देखिन्छ । ग्रामीण तथा दुर्गम क्षेत्रबाट शिक्षा, स्वास्थ्य, रोजगारी र राम्रो जीवनको खोजीमा शहरतर्फ बसाइँ सर्ने क्रम बढेसँगै धेरै नागरिकले नदी किनार, सार्वजनिक जग्गा वा खाली स्थानमा अनौपचारिक बसोबास गर्न थाले। यसले अन्यवस्थित बस्तीको विस्तार गरायो। त्यसैले यो समस्या भूमिसँग मात्र होइन, अवसरको असमान वितरण र आर्थिक विपन्नतासँग पनि गाँसिएको छ ।

अतिक्रमित क्षेत्र खाली गराउने अभियान आवश्यक भए पनि वर्षौंदेखि बसोबास गरिरहेका वास्तविक भूमिहीन र घरबारविहीन नागरिकको अवस्था बेवास्ता गरेर गरिने कदम न्यायपूर्ण हुँदैन । कानुन कार्यान्वयनसँगै मानवीय संवेदनशीलता पनि उत्तिकै जरूरी हुन्छ । वास्तविक भूमिहीन पहिचान गरी उनीहरुका लागि वैकल्पिक आवास, सुरक्षित पुनःस्थापना तथा जीविकोपार्जनका अवसर सुनिश्चित गर्नु राज्यको दायित्व हो । केवल बस्ती हटाएर समस्या समाधान हुँदैन, बरू उचित व्यवस्थापन बिना त्यसले नयाँ सामाजिक समस्या जन्माउन सक्छ । सम्भव भएसम्म वास्तविक भूमिहीन परिवारलाई स्वरोजगार, सीप विकास, सहुलियत ऋण वा उत्पादनमूलक काममा जोड्ने नीति आवश्यक छ । आत्मनिर्भरता सिर्जना गर्न सकियो भने पुनः अन्यवस्थित बसोबासको समस्या पनि दोहोरिने सम्भावना घट्छ । यसका लागि भूमि सुधार, रोजगार सिर्जना र सामाजिक सुरक्षा नीतिलाई सँगसँगै अघि बढाउनुपर्ने देखिन्छ ।

तर सुकुम्बासी समस्याको नाममा विकृति पनि कम छैन । कतिपय स्थानमा पर्याप्त जग्गा वा सम्पत्ति भएर पनि राजनीतिक संरक्षण वा कानुनी कमजोरीको फाइदा उठाउँदै सार्वजनिक जग्गा ओगट्ने प्रवृत्ति देखिएको छ । यस्ता प्रवृत्तिले वास्तविक भूमिहीनको पीडा ओझेलमा पार्नुका साथै राज्यका प्रयासलाई कमजोर बनाउँछ । त्यसैले वास्तविक सुकुम्बासी र अवसरवादी अतिक्रमणकारीबीच स्पष्ट भिन्नता छुट्याउनुपर्छ । भूमिहीनका नाममा भइरहेको दुरूपयोग अन्त्य गर्नु अहिलेको आवश्यकता हो । अतिक्रमण हटाउने अभियान केवल डोजर चलाउने प्रक्रिया नभई नागरिकको न्यायपूर्ण व्यवस्थापनको परीक्षा पनि हो । त्यसैले यो समस्यालाई दिगो रूपमा समाधान गर्न वास्तविक सुकुमबासीको पहिचान गरि उचित व्यवस्थापन गर्न आवश्यक छ ।

# परिवर्तनको ढोका खुले पनि यात्रा अधुरो'



✍दिपक ज्ञवाली

**लोकतन्त्र स्थापना भएको २० वर्ष पुगिसकेको छ । नागरिकले लोकतन्त्रबाट के अपेक्षा गरेका थिए ? यतिका वर्षमा ती सबै पूरा भए, भएनन् ?**

याद गरौं त्यो दिनका दृश्यहरू । सडकमा राता झन्डा फहराइरहेका थिए । आम मानिस अबिर दलेर विजय उत्सव मनाइरहेका थिए । मुहारमा उल्लास थियो । कठोर, क्रूर र कहालीलाग्दा दिनहरूलाई बिदाइ गर्दै उनीहरू क्षितिजमा उदाएको लोकतन्त्रलाई स्वागत गरिरहेका थिए । छातीमा गोली लागेर अस्पतालमा छटपटाइरहेका घाइते पनि हाँसिरहेका थिए । सहिदका परिवार समेत आँसु पुछिरहेका थिए ।

२०६२/०६३ को आन्दोलनपछि परम्परागत निरङ्कुश शाहबंशीय शासन अन्त्य भएको सुनौलो दिन वैशाख ११ गतेको सम्झना हो यो । त्यस दिन राजतन्त्रले घुँडा टेकेको थियो ।

सशस्त्र युद्धरत तत्कालीन नेकपा ( माओवादी) र शान्तिपूर्ण सडक आन्दोलनरत सात राजनीतिक दलहरू बिच १२ बुँदे सहमति पछि भएको जनआन्दोलन सफल भएको ऐतिहासिक दिन थियो त्यो । जसले नयाँ नेपालको सुनौलो खाका कोर्न मार्ग प्रशस्त गरेको थियो । रक्तपातबाट मुलुकलाई शान्तिमा रूपान्तरण समेत गरेको थियो ।

लोकतन्त्र स्थापना भएको आज २० वर्ष भएको छ । नागरिकले लोकतन्त्रबाट के अपेक्षा गरेका थिए ? यतिका वर्षमा ती सबै पूरा भए, भएनन् ? अलिकति चर्चा गरौं ।

के लोकतन्त्र स्थापनापछि केही नै भएन त ? धेरै भए । राजतन्त्र अन्त्य भई सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । संविधान निर्माण र गणतन्त्र स्थापना भयो । संविधान ०७२ जारी भयो । सङ्घीय संरचना लागू भयो । बलिया स्थानीय सरकारहरू बने । सङ्घ, प्रदेश र स्थानीय तहमा आवधिक चुनावहरू भए । मानव अधिकार, अभिव्यक्ति र प्रेस स्वतन्त्रता सुनिश्चित भयो । सञ्चारमाध्यमको विकास र विस्तार भयो । अत्याधुनिक सञ्चार प्रविधिले रफ्तार लियो ।

विभिन्न निकाय र स्थानमा समावेशिता र प्रतिनिधित्व सुनिश्चित भयो । महिला, दलित, जनजाति, मधेसी लगायतमा राजनीतिक चेतना र सहभागिता बढ्यो । दश वर्षे सशस्त्र द्वन्द्व अन्त्य भयो । सडक, शिक्षा, स्वास्थ्यसँगै स्थानीय विकास र पूर्वाधारहरू विस्तार भए । नागरिक चेतना र सहभागिता वृद्धि भयो । न्यायिक र संवैधानिक निकायहरू गठन भए । यी र यस्तै परिवर्तन तथा विकासका सूचकहरूले धेरै परिवर्तनलाई पुष्टि गर्छन् ।

तर नागरिकका अपेक्षा र आकाङ्क्षा उनीहरूको दैनन्दिन जीवनमा परिवर्तन झल्कियोस् भन्ने थियो । राजनीतिक स्थिरता र सुशासन, भ्रष्टाचारको अन्त्य, आर्थिक समृद्धि र रोजगारी, देशमै अवसर, जबाफदेही एवं पारदर्शी सत्ता त्यसैका आयाम थिए ।

यी र यस्तै विषयहरूमा राजनीतिले स्पष्ट हस्तक्षेप गर्न नसक्दा असन्तुष्टिका आवाजहरू उठ्न थाले । खासमा लोकतन्त्रले परिवर्तनको स्वर्णिम ढोका त खोल्यो तर नागरिकका आकाङ्क्षा पूरा गर्दै लोकतन्त्रलाई बलियो बनाउन अझै पनि धेरै काम गर्न बाँकी छ भन्ने स्पष्ट भयो ।

लोकतन्त्र दिवसमा प्रत्येक वर्ष प्रभात फेरी, प्रवचन, माल्यार्पण, दीप प्रज्वलन, सरसफाइ जस्ता अति औपचारिक कार्यक्रमहरू गरेर झारा टार्ने गरिएको छ। हुनु पर्ने त अर्कै हो। जिम्मेवार दलहरूले बाँकी कार्यभार पूरा गर्न गम्भीर बन्दै लोकतन्त्रलाई सुदृढ बनाउन लाग्नु पर्ने हो ।

**के लोकतन्त्रको विकल्प छ ?**

समय र परिस्थिति बदलिएको छ । लोकतन्त्रका लागि लामो लडाई लडेका नेपाली काँग्रेस, नेकपा (एमाले), तत्कालीन नेकपा (माओवादी) हालको नेकपा लगायतका तत्कालीन ठुला दलहरू अहिले अप्रत्याशित सानो आकारमा खुम्चिएका छन् । नयाँ उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले जेनजी आन्दोलनपछि सम्पन्न निर्वाचनबाट असाधारण जीत हासिल गरेको छ ।

बेला(बेला लोकतन्त्रको विकल्प खोज्ने आवाज उठ्ने गरेका छन् । सिङ्गो व्यवस्थाले नै त्यसको अपजस पनि बेहोर्ने गरेको छ । अर्थात् ०६२/०६३ को जनआन्दोलनपछि प्राप्त उपलब्धिहरू उल्ट्याउने आवाज पनि कहीं कतै उठ्ने गरेका छन् ।

तर, आजको विश्व व्यवस्थामा वा संसारभर अभ्यास गरिएका विविध खाले शासन व्यवस्थाहरूमा लोकतन्त्र नै त्यस्तो व्यवस्था हो, जसलाई झन् भन्दा झन् समृद्ध बनाउन सकिने प्रशस्त ठाउँ छ । लोकतन्त्रका ठाउँमा ल्याइने कुनै पनि व्यवस्था भन्दा लोकतन्त्रलाई नै मलजल गरेर नागरिकका उच्चतम आकाङ्क्षा पूर्तिको औजार बनाउन सकिन्छ भन्ने इतिहासले हामीलाई सिकाएको छ ।

यसैले यसका लागि न्यायपालिका, संसद्, स्वतन्त्र प्रेस, लोकतान्त्रिक संस्थाहरू तथा नागरिक नै सक्रिय बन्नुको विकल्प छैन ।

किनभने लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र बाहेक अर्को हुन सक्दैन । र, त्यसका लागि जहिल्यै नागरिक खबरदारी र सक्रियता अनिवार्य हुन्छ । नागरिकका अपेक्षाहरूको सम्बोधन, कानुन कार्यान्वयन, पारदर्शिता र जबाफदेहिता, निर्वाचन प्रणालीमा सुधार, पार्टीहरूभित्र आन्तरिक लोकतन्त्रको अभ्यास जस्ता कार्यभार पूरा गर्दै लोकतन्त्रलाई थप सुदृढ बनाउनुको हामीसँग विकल्प छैन ।

मुख्य कुरा, लोकतन्त्रको गरिमा, विश्वास र आस्थालाई कायम राख्न लोकतन्त्र ल्याउन लडेका दलहरू तथा अहिलेको निर्वाचित सरकारका बिचमा सहकार्य र संवाद हुनु अनिवार्य छ । अहिले सत्तामा भएका र विपक्षमा भएकाहरू नै यो व्यवस्थाका रक्षक हुन् । त्यसैले उनीहरूले लोकतन्त्रको रक्षाका लागि दृढ हुनुको विकल्प छैन ।

सत्तासीन दल रास्वपाले पनि जनताबाट पाएको अभिमतलाई जिम्मेवारीपूर्वक सदुपयोग गर्दै लोकतन्त्रको सुदृढीकरणमा लाग्नु नै अहिलेको नागरिक अभिमत हो । नागरिकले दिएको अभिभारामाथि धोका गर्ने छुट कसैलाई छैन ।

लोकतान्त्रिक लिकबाट बाहिरिने छुट कसैलाई पनि छैन । किनभने लोकतन्त्रको विकल्प प्रतिगमन हुनै सक्दैन । रातोपाटी

## सामाजिक सञ्जाल

# सिरोहियाको 'राजीनामा'भित्र लुकेको 'मिशन पत्रकारिता' र नैतिकताको द्वन्द्व



✍दीपशिखा शर्मा

नेपालको प्रतिष्ठित मुलधारको मिडिया 'कान्तिपुर' दैनिकले पछिल्लो समय गरिरहेको रिपोर्टिङ विशेषगरी निवर्तमान गृहमन्त्री सुधन गुरुङका विषयमा लेखिएका समाचारमा आफ्नो गम्भीर असहमति रहेको भन्दै कान्तिपुर पब्लिकेसन्सका प्रबन्ध निर्देशक सम्भव सिरोहियाले राजिनामा दिएका छन्। उनको राजीनामाको कारण कान्तिपुरको 'मिशन पत्रकारिता' भनिएको छ।

सिरोहियाको राजिनामा पश्चात् नेपाली सञ्चार जगतमा एउटा गम्भीर बहस छेडिएको छ। विगतमा रास्वपा सभापति रवि लामिछानेका सन्दर्भमा कान्तिपुरले अपनाएको आक्रामक शैली 'मिशन पत्रकारिता'' थियो या 'व्यावसायिक धर्म' ? के उनको राजीनामाको मसीले तत्कालीन समयमा भएका तिता 'प्रहारहरूको' स्वीकारोक्ति होला? या यो केवल एउटा रणनीतिक बहिर्गमन मात्र हो? यो प्रश्न आज प्रत्येक नेपाली नागरिकको मनमा अझै गहिरो रूपमा उब्जिएको छ।

अहिलेको परिस्थिति हेर्दा लाग्छ, मिडियाको आवरणमा जसलाईपनि धम्क्याउन र ब्ल्याकमेल गर्न 'सम्भव' छ। सत्यलाई 'भ्रामक' बनाउन र शक्तिलाई 'चोख्याउन' पनि यहाँ 'सम्भव' छ।

हेडलाइनको आडमा कसैको अस्तित्वमाथि धम्कीको व्यापार गर्न 'सम्भव' छ। यहाँ शक्तिको लेपन लगाएर कालोलाई सेतो र झुटलाई सत्य सावित गर्न 'सम्भव'छ। नागरिकतादेखि चोखिने मुद्दासम्म, यहाँ हरेक अनैतिकतालाई नैतिकताको खोल ओढाउन 'सम्भव' छ।

जब मिडियाले आफ्नो 'वाचडग'को भूमिका बिर्सिएर कसैलाई सिध्याउने वा जोगाउने 'मिशन' बोक्छ, तब पत्रकारिताको धर्म त्यहीँबाट समाप्त हुन्छ।

**अक्टोपस र शंखेकिराको नियति**

चर्चित पत्रकार तथा सांसद राजिव खत्रीले भनेझैं अक्टोपस र शंखेकिराको विम्ब यहाँ निकै सान्दर्भिक देखिन्छ । अक्टोपस (शक्ति) ले शंखेकिरा ( मिशन/एजेन्डा) लाई निल्न त खोज्छ, तर शंखेकिराले पहिले नै आफूलाई एउटा कठोर सुरक्षा कवचभित्र सुरक्षित राखिसकेको हुन्छ। वास्तवमा आजको 'मिशन पत्रकारिता' ठ्याक्कै अक्टोपस र शंखेकिराको त्यो अनौठो र आत्मघाती युद्ध जस्तै बनेको छ।

१.शक्तिको दम्भ: मानौं कुनै शक्तिले आफूलाई बलियो ठानेर जब कुनै एजेन्डा वा 'मिशन'लाई आत्मसात गर्छ वा निल्छ, उसलाई लाग्छ उसले जीत हासिल गरिसकेको छ । मिडिया हाउसहरू जब अक्टोपस जस्तै आफ्ना आठवटा खुट्टा ( प्रभाव, पहुँच, र पैसा) फैलाएर साना शंखेकिराहरूलाई निल्न खोज्छन्, उनीहरूलाई लाग्छ कि उनीहरूले निरिह प्राणीको शिकार गरिरहेका छन्।

२.सुरक्षाको कवच : तर कतिपय 'मिशन'हरू शंखेकिरा जस्तै प्रभावशाली हुन्छन्, जो पहिले नै एउटा कठोर स्वार्थको हड्डीभित्र लुकेर बसेका हुन्छन्। फलत: अक्टोपसले त्यसलाई निल्नु नै उसको जीवनको अन्तिम गल्ती साबित हुन्छ।

३.आन्तरिक विनाश: तर जब त्यो 'मिशन' पेटभित्र पुग्छ, तब त्यसले आफ्नो वास्तविक स्वरूप देखाउन थाल्छ। अर्थात् अक्टोपसको पेटभित्र पुगेपछि शंखेकिरा आफ्नो खोलबाट निस्कन्छ र उसले भित्रैबाट बिस्तारै अक्टोपसको नरम अंगहरू काट्न शुरु गर्छ अनी भित्रैबाट अक्टोपसलाई खाएर सिध्याउँछ। त्यसरी नै गलत नियतले गरिएको 'मिशन पत्रकारिता'ले अन्तत: संस्था र शक्ति दुवैको अस्तित्व समाप्त पारिदिन्छ।

४. अन्तिम परिणाम: अन्त्यमा अक्टोपस ढल्छ, तर शंखेकिरा (त्यो स्वार्थ वा एजेन्डा) भने नयाँ स्वरूपमा जीवितै रहन्छ। अर्थात् त्यो 'मिशन' रूपी शंखेकिरा भने फेरि अर्को शिकारको खोजीमा जस्ताको तस्तै बाहिर निस्कन्छ।

त्यसैगरी मिडिया जबसम्म व्यावसायिक र निष्पक्ष रहन्छ, तबसम्म त्यो समाजको ऐना बन्छ। तर जब मिडिया जब 'वाचडग' बाट 'हन्टर' (शिकारी)को रुपमा कसैलाई सिध्याउने 'हतियार' बन्छ,तब यसले आफ्नै विनाशको खाडल खनिरहेको हुन्छ।

सम्भव सिरोहियाको राजीनामाले 'मिशन पत्रकारिता' को जुन घाउ कोट्याएको छ, त्यसले एउटा स्पष्ट सन्देश दिएको छ ,यदि पत्रकारिताले आफ्नो मर्यादाको सीमा नाघेर कसैलाई सिध्याउने खेल खेल्छ भने, अन्तत: त्यो खेलले आफ्नै खेलाडीलाई सिध्याउँछ। शंखेकिराको जीत हुनु र अक्टोपसको हार हुनुमा कसैको हित छैन, किनकि यस प्रक्रियामा मारिने त केवल 'पत्रकारिताको विश्वसनीयता' मात्र हो।

समग्रमा,सम्भव सिरोहियाको राजीनामाले उठाएको 'मिशन पत्रकारिता'को प्रश्नले नेपाली मिडियामा व्याप्त 'अक्टोपस प्रवृत्ति' र त्यसभित्र लुकेका 'शंखेकिराहरू'को चिरफार गर्न ढिला भइसकेको संकेत गर्छ। शुभ दिन साथीहरू !

दीपशिखा शर्मा

२०८३ साल वैशाख ११ गते शुक्रबार ,काठमाण्डौं।

# 'रोग निको पार्ने औषधी उद्योग आफैं संकटमा'

**रिता लम्साल/कमला गुरुङ/लक्ष्मी चौलागाईं**

कुनै पनि व्यक्ति रोगबाट ग्रसित हुँदा उसको उपचारका लागि औषधि आवश्यक पर्छ। ठीक त्यसैगरी, शिथिल बन्दै गएको मुलुकको अर्थतन्त्रलाई पुनर्जीवित गर्न स्वदेशी उद्योगहरू प्रभावकारी 'औषधि' बन्न सक्छन् । नेपालको सन्दर्भमा स्वदेशी औषधि उद्योग यस्तो क्षेत्र हो, जसले नागरिकको स्वास्थ्य सुरक्षासँगै अर्थतन्त्रलाई मजबुत बनाउने दोहोरो भूमिका निर्वाह गरिरहेको छ। तर विडम्बना, यति महत्वपूर्ण क्षेत्र नै अहिले नीतिगत अन्योल, कमजोर कार्यान्वयन र सरकारी उपेक्षाका कारण दबाबमा परेको उद्योगीहरूको गुनासो छ ।

नेपाली औषधि उद्योगले देशभित्रै आवश्यक औषधि उत्पादन गरी नागरिकको उपचारमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। यसले अर्बौं रुपैयाँ बराबरको वैदेशिक मुद्रा बाहिरिनबाट जोगाउनुका साथै हजारौंलाई रोजगारी उपलब्ध गराएको छ । तर अपेक्षाअनुसार बजार विस्तार हुन सकेको छैन। नेपाल औषधि उत्पादक संघका अनुसार आर्थिक वर्ष २०८०/८१ मा ३५ अर्ब २५ करोड रुपैयाँ रहेको स्वदेशी औषधिको बजार हिस्सा २०८१/८२ मा सामान्य वृद्धि भई ३५ अर्ब ६१ करोड पुगेको छ । जम्मा १ प्रतिशतको वृद्धि उद्योगका लागि सन्तोषजनक मानिएको छैन, किनकि यो वृद्धि वास्तविक विस्तारभन्दा पनि सामान्य सुधारको संकेत मात्र हो ।

नेपालमा औषधिको कुल बजार आकार करिब ९० अर्बदेखि एक खर्ब रुपैयाँसम्म पुगेको अनुमान छ। भ्याक्सिन बाहेकको बजारमा स्वदेशी औषधिको हिस्सा करिब ४५ प्रतिशत छ भने विदेशी औषधिले ५५ प्रतिशत हिस्सा ओगटेको छ। सरकारले बारम्बार औषधिमा आत्मनिर्भर बन्ने दाबी गरे पनि यथार्थमा विदेशी औषधिको प्रभुत्व अझै बलियो छ। पछिल्ला तीन वर्ष नेपाली औषधि उद्योगका लागि चुनौतीपूर्ण रहे। कोभिड(१९ महामारी, आपूर्ति शृङ्खलामा अवरोध र त्यसपछिको आर्थिक मन्दीले उद्योगलाई प्रत्यक्ष असर पुऱ्यायो। कुनै समय ३४ अर्ब पुगेको स्वदेशी औषधिको कारोबार घटेर २९ अर्ब ३६ करोडमा झरेको थियो। अहिले सुधारका संकेत देखिए पनि उद्योगीहरूले यसलाई 'रिकभरी' मात्र ठान्छन्, वास्तविक 'ग्रोथ' होइन।

तर चुनौतीबीच पनि औषधि उद्योगले अर्थतन्त्रमा उल्लेखनीय योगदान दिइरहेको छ। नेपालमा करिब २९० वटा औषधि उद्योग दर्ता छन्, जसमध्ये ८४ वटा एलोपेथिक औषधि उत्पादनमा सक्रिय छन्। आयुर्वेदिक, होमियोप्याथिक तथा अन्य प्राकृतिक औषधि उत्पादन गर्ने उद्योगहरू पनि सञ्चालनमा छन्। यी उद्योगहरूले प्रत्यक्ष रूपमा ४० हजारभन्दा बढीलाई रोजगारी दिएका छन् भने देशभरका करिब ३१ हजार फार्मेसीमार्फत लाखौं मानिस अप्रत्यक्ष रूपमा यस क्षेत्रमा निर्भर छन्। उद्योगहरूले ७० अर्बभन्दा बढी लगानी परिचालन गरेर अर्थतन्त्रमा प्रत्यक्ष टेवा पुऱ्याइरहेका छन्। कर राजस्वमार्फत राज्यलाई ठूलो योगदान दिने यो क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्नुपर्ने आवश्यकता थप प्रस्ट हुन्छ।

उद्योगीहरूका अनुसार नेपालमा औषधि उत्पादनको क्षमता पर्याप्त भए पनि नीतिगत सहयोगको अभावले अपेक्षित प्रगति हुन सकेको छैन। भारत र बंगलादेश जस्ता देशहरूले औषधि उद्योगलाई कर छुट, सस्तो ऊर्जा, निर्यात प्रोत्साहन, सहज ऋण र अनुसन्धान सहयोग उपलब्ध गराएर विश्वस्तरीय प्रतिस्पर्धामा उभ्याएका छन्। बंगलादेशले त करिब ९८ प्रतिशत औषधि स्वदेशमै उत्पादन गर्न सफल भएको छ। नेपालमा पनि यस्तै स्पष्ट नीति, प्रविधि हस्तान्तरण र लगानीमैत्री वातावरण बनेमा पाँच वर्षभित्र स्वदेशी औषधिको हिस्सा ८० प्रतिशतभन्दा माथि पुऱ्याउन सकिने उद्योगीहरूको विश्वास छ।

नेपालमा औषधि आयात वार्षिक ५५ देखि ६० अर्ब रुपैयाँसम्म पुग्ने गरेको छ। जबकि स्वदेशमै उत्पादन गर्न सकिने धेरै औषधि अझै आयात भइरहेका छन्। अध्ययनअनुसार कम्तीमा ५५ प्रकारका औषधि नेपालमै उत्पादन गरेर आयात प्रतिस्थापन गर्न सकिन्छ। यदि सरकारले यी औषधिको आयात रोक्ने र कच्चा पदार्थ मात्र आयात गर्ने नीति लागू गऱ्यो भने वार्षिक १० देखि १५ अर्ब रुपैयाँ विदेशिनबाट जोगाउन सकिन्छ। साथै एउटै प्रकारका औषधि पाँच वा सोभन्दा बढी स्वदेशी उद्योगले उत्पादन गरिरहेका अवस्थामा ती औषधिको आयात निरुत्साहित गर्ने नीति पनि प्रभावकारी हुन सक्छ।

तर नीतिगत निर्णयहरू कार्यान्वयन नहुनु यो क्षेत्रको सबैभन्दा ठूलो समस्या बनेको छ। २०७४ सालमा स्वदेशमै पर्याप्त उत्पादन हुने ३० प्रकारका औषधिको आयात रोक्ने निर्णय गरिए पनि कार्यान्वयन हुन सकेको छैन। त्यस्तै, २०५१ सालको राष्ट्रिय औषधि नीतिले १० वर्षभित्र ८० प्रतिशत औषधि स्वदेशमै उत्पादन गर्ने लक्ष्य राखेको थियो, तर त्यो लक्ष्य अझै कागजमै सीमित छ। यसले नीति र व्यवहारबीचको दूरीलाई उजागर गर्छ ।

अर्कोतर्फ, औषधि ऐन २०३५ अहिलेको सन्दर्भमा 'आउटडेटेड' भइसकेको छ। आधुनिक प्रविधि, जटिल औषधि उत्पादन र अन्तर्राष्ट्रिय मापदण्डलाई सम्बोधन गर्न नसक्ने यो ऐन संशोधनको आवश्यकता लामो समयदेखि उठाइँदै आएको छ । ऐन संशोधन ढिला हुँदा उद्योगीहरू नयाँ प्रविधि भित्र्याउन र उत्पादन विस्तार गर्न कठिनाइ भोगिरहेका छन्। त्यस्तै, राष्ट्र बैंकको कार्यशील पूँजी कर्जासम्बन्धी कडा व्यवस्था र स्वास्थ्य बीमा बोर्डले भुक्तानी ढिला गर्दा उद्योगहरू क्यास फ्लो संकटमा परेका छन् । उद्योगीहरूको अर्बौं रुपैयाँ भुक्तानी रोकिँदा उत्पादन, अनुसन्धान र विस्तारमा प्रत्यक्ष असर परेको छ ।

यद्यपि, यस्ता चुनौतीका बाबजुद नेपाली औषधि उद्योगले संकटका बेला आफ्नो क्षमता प्रमाणित गरिसकेको छ। कोभिड(१९ महामारीका समयमा अन्तर्राष्ट्रिय आपूर्ति प्रणाली ठप्प हुँदा पनि स्वदेशी उद्योगहरूले सिटामोल, जीवनजलजस्ता आधारभूत औषधिको अभाव हुन दिएनन्। यसले स्वास्थ्य सुरक्षामा स्वदेशी उत्पादनको महत्त्व पुष्टि गरेको छ। साथै, नेपालमा ट्याब्लेट, क्याप्सुल, लिक्विड, इन्जेक्सनदेखि क्यान्सर जस्ता जटिल रोगका औषधिसम्म उत्पादन हुने क्षमता विकसित भइसकेको छ ।

अन्ततः, औषधि उद्योगलाई केवल स्वास्थ्य सेवासँग मात्र जोडेर हेर्नु पर्याप्त छैन। यो क्षेत्र रोजगारी सिर्जना, प्रविधि विकास, अनुसन्धान विस्तार, उत्पादन वृद्धि र निर्यात प्रवर्द्धनसँग प्रत्यक्ष रूपमा जोडिएको छ। स्वदेशी औषधि उद्योगलाई सुदृढ बनाउनु भनेको देशको आर्थिक आधार बलियो बनाउनु हो। यदि सरकारले समयमै नीतिगत 'औषधि' प्रदान गऱ्यो भने, यो क्षेत्रले मुलुकको अर्थतन्त्रलाई दीर्घकालीन रूपमा सबल बनाउने आधार तयार गर्न सक्छ। अन्यथा, ठूलो सम्भावना बोकेको यो उद्योग नीतिगत अस्पष्टता र उदासीनताका कारण कमजोर बन्दै जाने जोखिम कायमै रहनेछ ।

# बेसार खेती : परम्परागत औषधिदेखि व्यावसायिक सम्भावनासम्म



दमक । बेसार (Curcuma longa) जिन्जिबेरेसी परिवारअन्तर्गत पर्ने बहुउपयोगी कन्दबाली हो, जसलाई नेपाली समाजमा मसला, औषधि, धार्मिक कार्य तथा रंगका रूपमा सदियौँदेखि प्रयोग गरिँदै आएको छ। आयुर्वेदमा यसको गुणबारे व्यापक चर्चा पाइन्छ। बेसारमा पाइने प्रमुख सक्रिय तत्व कुरकुमिन हो, जसले यसको पहेंलो रङ र औषधीय गुण निर्धारण गर्छ। गानोमा औसत १.८५ देखि ५.४५ प्रतिशतसम्म कुरकुमिन र २.५५ देखि ६.२५ प्रतिशतसम्म वासनादार तेल पाइन्छ। दक्षिण तथा दक्षिण-पूर्वी एसियाबाट फैलिएको यो बाली आज विश्वव्यापी रूपमा प्रयोग हुन्छ भने भारत, पाकिस्तान, बंगलादेश, चीन, पेरु, जमाइका र हाइटी प्रमुख उत्पादक राष्ट्र मानिन्छन्। नेपालमा यसको व्यावसायिक सम्भावना बढ्दो छ, किनकि मागअनुसार उत्पादन अझै पर्याप्त छैन।

बेसार मुख्यत: न्यानो र आर्द्र हावापानीमा राम्रो हुने बाली हो। समुद्री सतहदेखि १२०० देखि १६०० मिटरसम्म यसको खेती गर्न सकिन्छ। २०-३० डिग्री सेल्सियस तापक्रम, १०००-२००० मिमी वार्षिक वर्षा र पानी नजम्ने बलौटे दोमट वा हल्का फोक्रो माटो यसका लागि उपयुक्त मानिन्छ। माटोको पिएच ५.५ देखि ६.५ राम्रो मानिन्छ। चैत-वैशाखमा रोपाइँ गर्न उपयुक्त हुने बेसारलाई समयमै रोप्दा उत्पादन राम्रो हुन्छ, ढिलो रोपाइँले उत्पादन घटाउँछ।

बेसार खेतीका लागि निरोगी, कम्तीमा दुईवटा उम्रने मुना भएको ३०-५० ग्राम तौलको गानो बीउका रूपमा छनोट गरिन्छ। प्रति रोपनी करिब १२० देखि १७५ केजीसम्म बीउ आवश्यक पर्छ। २५ सेमी बोट-बोट र ३० सेमी लाइन(लाइन दूरी कायम गरी ४-५ सेमी गहिराइमा रोपिन्छ। माटोको चिस्यान जोगाउन रोपाइँपछि ४(६ सेमी बाक्लो छापो (मल्चिङ) हाल्नुपर्छ, जसले झार नियन्त्रण, चिस्यान संरक्षण र माटोको गुणस्तर सुधारमा मद्दत गर्छ।

उत्पादन वृद्धिका लागि प्रशस्त प्राङ्गारिक मलसँगै रासायनिक मल पनि आवश्यक पर्छ। सामान्यतया प्रति रोपनी ५०-६० डोका पाकेको गोबर, डिएपी, युरिया र म्युरेट अफ पोटास प्रयोग गर्न सिफारिस गरिएको छ। सिँचाइ माटो र मौसमअनुसार १०-१२ पटकसम्म गर्न सकिन्छ, यद्यपि वर्षे खेतीमा धेरैजसो प्राकृतिक चिस्यान पर्याप्त हुन्छ। झारपात नियन्त्रण र समय(समयमा गोडमेल गरी माटो खुकुलो पार्नुपर्छ।

नेपालमा कपुरकोट हलेदो-१, कपुरकोट हलेदो-२, सीआई-१, सगुन, सुवर्णजस्ता उन्नत जात प्रचलनमा छन्। अनुसन्धानबाट केही उन्नत जातले प्रति हेक्टर ४० मेट्रिक टनसम्म उत्पादन क्षमता देखाएका छन्। सामान्यतया ९ महिनापछि बाली तयार हुन्छ र प्रति रोपनी १ देखि २.५ मेट्रिक टनसम्म काँचो बेसार उत्पादन लिन सकिन्छ। पात पहेँलिँदै सुक्न थालेपछि बाली खन्न उपयुक्त मानिन्छ।

बेसारमा पातको खटिरा, खैरो थोप्ले, गानो कुहिने रोग देखिन सक्छ भने डाँठको गवारो वा पात बेरुवा किराले केही क्षति पुऱ्याउन सक्छ। बिउ उपचार, रोगी बोट हटाउने, बोर्डेक्स मिश्रण वा आवश्यक विषादी प्रयोगजस्ता व्यवस्थापन विधि अपनाइन्छ।

बेसार उत्पादनपछि प्रशोधन र भण्डारण पनि उत्तिकै महत्त्वपूर्ण पक्ष हो। गानो उमालेर, सुकाएर वा चाना बनाएर धुलो बनाइन्छ। सामान्यतया काँचो बेसारबाट १५-२० प्रतिशत प्रशोधित बेसार प्राप्त हुन्छ। सुरक्षित भण्डारणका लागि चिस्यान र तापक्रमको विशेष ध्यान दिनुपर्छ। परम्परागत खाडल वा सेलार स्टोरमा बीउ गानो सुरक्षित राख्न सकिन्छ।

बेसार खेती अन्तरबालीका रूपमा पनि उपयोगी छ। आँप, कटहर, लिची वा नरिवल बगैंचामा यसलाई सहबालीका रूपमा लगाउन सकिन्छ, जसले एउटै जमिनबाट बहुआयामिक उत्पादन सम्भव बनाउँछ।

पछिल्ला वर्षमा वन्यजन्तु समस्याका कारण पनि बेसार खेती वैकल्पिक बालीका रूपमा अघि आएको छ। पाल्पाको रामपुर-७ मा बाँदर आतंकका कारण मकै, गहुँ, केराउजस्ता अन्नबाली छाडेका कृषकले वडा कार्यालयको सहयोगमा बेसार खेती सुरु गरेका उदाहरण उल्लेखनीय छ। वडा कार्यालयले बीउ सहयोग गरेपछि बाँझो जमिन हराभरा बनेका छन् र कृषकले यसलाई आम्दानीको नयाँ आधारका रूपमा लिन थालेका छन्। बाँदरले नखाने, बजार सहज हुने र तुलनात्मक रूपमा लाभदायक भएकाले बेसार खेती ग्रामीण अर्थतन्त्रका लागि विकल्पीय सम्भावनाका रूपमा स्थापित हुँदै गएको देखिन्छ।

यसरी परम्परागत औषधीय महत्व बोकेको बेसार आज व्यावसायिक खेती, आयआर्जन, जैविक उत्पादन र कृषि विविधीकरणको महत्वपूर्ण बालीका रूपमा स्थापित हुँदै गएको छ। उचित प्रविधि, उन्नत जात, प्रशोधन र बजार व्यवस्थापन जोड्न सके बेसार नेपालका कृषकका लागि आकर्षक नगदे बाली बन्न सक्ने सम्भावना बलियो देखिन्छ।

जानकारी

# सती बिहुला स्थल-सम्भावना धेरै, विकास न्यून



सर्लाहीको पर्सा गाउँपालिका संग्रामपुरमा रहेको सती बिहुला स्थल पुरातात्त्विक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण मानिन्छ। यहाँ नेपाल र भारतबाट श्रद्धालुहरू पूजाअर्चनाका लागि आउने गर्छन्, विशेषगरी साउन, भदौ अष्टमी र अमावस्यामा ठूलो मेला लाग्छ। प्रत्येक तीन वर्षमा एक महिना लामो विशेष मेला पनि आयोजना हुन्छ। यो स्थल जनकपुरधामबाट करिब ५० किमि पश्चिम र मलंगवाबाट १० किमि पूर्व हुलाकी राजमार्ग नजिकै अवस्थित छ। सती बिहुला र बाला लखिन्दरको लोककथासँग जोडिएको यो स्थान महिला शक्ति र पतिव्रता परम्पराको प्रतीक हो।

धार्मिक पर्यटनको ठूलो सम्भावना हुँदाहुँदै पनि सरकारी बेवास्ताका कारण यहाँ आवश्यक पूर्वाधार र संरक्षणको काम हुन सकेको छैन।

# चिकित्सकीय प्रयोजनका लागि गाँजाको पहुँच सहज

एजेन्सी । संयुक्त राज्य अमेरिकाले नागरिकहरूलाई चिकित्सकीय प्रयोजनका लागि गाँजाको प्रयोग गर्न सहज पहुँच दिने बिहीबार निर्णय गरेको छ।

औषधिको पुन: वर्गीकरण गरेर र गाँजाको सुरक्षा र प्रभावकारितामा थप अनुसन्धान सुनिश्चित गर्दै यसलाई चिकित्सकीय प्रयोजनका लागि सहज पहुँच दिने बताएको हो।

कार्यवाहक महान्यायाधिवक्ता टोड ब्लान्चले भने, 'गाँजालाई मध्यमदेखि कम लत लाग्ने सम्भावना भएको लागु औषधको रूपमा पुन: वर्गीकृत गरिएको छ। यसले 'बिरामीहरूको उपचारमा पहुँच विस्तार गर्न र चिकित्सकहरूलाई राम्रो सूचित स्वास्थ्य सेवा निर्णयहरू गर्न सशक्त बनाउँन सहयोग पुग्ने अनुसन्धानले देखाएको छ।'

अमेरिकी औषधि प्रवर्तन एजेन्सी (डिइए) का अनुसार यसलाई पहिले 'अनुसूची १' को रूपमा वर्गीकृत गरिएको थियो, जुन 'हाल स्वीकृत चिकित्सा प्रयोग र दुरुपयोगको लागि उच्च सम्भावना' भएको लागुऔषधको एक श्रेणी हो जसमा 'हेरोइन' र 'मेथाम्फेटामाइन' समावेश छ।

यसलाई अब पाँच तहको औषधीय अनुसूचीको तेस्रो तहमा सारिएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पको डिसेम्बरमा उपचारका लागि गाँजाको औषधीय गुणको अनुसन्धानलाई अघि बढाउने कार्यकारी आदेशलाई पछ्याउँदै यो निर्णय गरिएको न्याय विभागले बिहीबार जनाएको छ।


Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
अगाडीदेखि तपाईंहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

# हान्स क्रिश्चियन एण्डरसन

◆ सुमित्रा सिंह



**डेनमार्क : परीकथाहरूका लेखक**
**जन्म : सन् १८०५ मृत्यु : सन् १८७५**

यी विश्व-प्रसिद्ध परीकथाका लेखकको जन्म डेनमार्कको एक गरिब जुत्ता सिउनेको घरमा भएको थियो। परिवार यति धेरै निर्धन थियो कि उनले एक फोहर कोठामा बस्न बाध्य हुनु परेको थियो। तर यी बालक अगाडि गएर डेनमार्कका राजाका साथी र विश्व-प्रसिद्ध परीकथाका लेखक बने। संभवत: संसारभरिकै पढे-लेखेका बच्चाहरू प्रारम्भमा यिनले लेखेका अद्भुत कथाहरू अवश्य पढ्छन्।

एण्डरसनको जीवन उनले लेखेको एक पुस्तक 'अर्को डकलिंग' को अनुरूप थियो। दुब्लो पातलो र फोहरी यी बालकले स्कुलमा शिक्षासम्म प्राप्त गर्न सकेनन्, किनकि त्यसको लागि उनीसँग पैसा थिएन। यही कारणले उनले गायक बन्ने बारेमा सोचे। उनी डेनमार्कको राजधानी कोपनहेगन पुगे र त्यहाँ गल्लीहरूमा गीत गाएर उनले मानिसहरूलाई लोभ्याउने प्रयत्न गरे। तर उनको गला यति धेरै खराब थियो कि उनको बेसुर राग तर्फ कसैले पनि ध्यान दिएनन्। गाउनुको साथ-साथै उनले एक्टिङ र नृत्यको प्रयत्न पनि गरे। तर उनी यसमा पनि सफल हुन सकेनन्। जब उनी यस प्रकारका कामहरूमा लागेका थिए, तब एक यस्तो व्यक्तिको दृष्टि उनीमाथि पऱ्यो, जो त्यस समयका डेनमार्कका राजा फ्रेडरिक छैठौंसँग परिचित थिए। ती व्यक्तिले राजालाई भनेर उनको पढाइ लेखाइको प्रबन्ध गराए।

वयस्क हुन्जेलसम्म एण्डरसनले बच्चाहरूको लागि कथाहरू लेख्न प्रारम्भगरे। १८२८ मा उनले 'ए जर्नी अन फुट' नामक एक हास्य-व्यंग्ययुक्त किताब लेखे। यस काममा उनले सफलता प्राप्त गरे। त्यसपछि उनले उपन्यास पनि लेखे। डेनमार्कका राजाले सारा युरोपमा भ्रमण गर्नको लागि उनलाई वित्तीय सहायता गरे। उनले सारा युरोपको भ्रमण गरे र त्यस समयका सबै प्रसिद्ध व्यक्तिहरूलाई भेटे। तर उनको सबैभन्दा अधिक प्रसिद्धि अत्यन्त मनोरञ्जक स्वप्नलोकमा लैजाने परीकथाहरूको कारणले भयो। उनका केही प्रसिद्ध पुस्तकहरू 'ओनली ए फिडलर', पोएट्स मार्केट', 'फेयरी टेल्स', 'वण्डर स्टोरिज र 'पिक्चर बुक्स विदाउट पिक्चर' आदि प्रसिद्ध छन्। उनका प्राय: सबै पुस्तकहरूको अनुवाद संसारका सबै भाषाहरूमा भइसकेको छ। एण्डरसनले आफ्नो जीवनमा दुई पटक प्रेम सम्बन्ध स्थापित गर्ने प्रयत्न गरे, तर अन्त्यसम्म पनि उनको विवाह हुन सकेन। अन्त्यमा उनले एक जोगीको घरमा प्राण त्यागे।

+++

# इलामको लोक्ताको माग घट्दो, किसान चिन्तामा



इलाम। कागज बनाउने लोक्ताको माग घटन थालेपछि पूर्वी पहाडी जिल्लाको पुरानो पेशा नै संकटमा परेको छ। जापान निर्यात हुँदै आएको लोक्ताको माग घट्दै गएपछि व्यवसायी चिन्तामा परेका छन्।

उच्च पहाडी क्षेत्रमा पाइने अर्गेलीको बोक्रा प्रशोधन गरेर तयार हुने लोक्ताबाट नेपाली कागज बनाउने पूर्वी पहाडी जिल्लाका स्थानीयको पुरानो पेशा हो। यहाँ उत्पादन भएका नेपाली कागज स्वदेश तथा विदेश पुग्ने गरेको छ। इलाम नगरपालिका(३ पुवामझुवामा प्रशोधन भएको लोक्ता जापान निर्यात हुने गरेको छ।

इलामको उच्च पहाडी क्षेत्रमा धेरै समय हुस्सु र कुहिरोले ढाक्ने गरेको छ। यस वर्ष चैतदेखि नै सुरु भएको वर्षा र हुस्सु वैशाखको पहिलो साता बितिसक्दा पनि नहट्दा इलाम नगरपालिका(३ पुवामझुवाकी छलिमाया गुरुङ दिक्क भएका छन्। अघिल्ला वर्षहरुमा जस्तै यो बेला टन्टलापुर घाम नलाग्दा उनले लोक्ता उद्योगमा राम्रोसँग काम गर्न पाउनु भएको छैन। राम्ररी घाम नलागेपनि गुरुङ थोरै मात्र लोक्ता बनाउन व्यस्त छन्।

स्थानीय कृषकबाट खरिद गरेर उहाँ लोक्ता प्रशोधन गर्नुहुन्छ। माग र मौसम अनुकुल भएको बेला यो उद्योगमा २० जनाभन्दा बढीले काम गर्छन्। पुवामझुवामा केही यस्ता उद्योग छन् जसले लोक्ता बनाएर जापानसम्म निर्यात गर्छन्। ६ वर्षदेखि निरन्तर यही पेशामा संलग्न रहेपनि केही वर्षदेखि जापानबाट माग नआउँदा छलिमायाको उद्योग नै संकटमा छ। यो उद्योगबाट उनले वार्षिक रुपमा लाखौको कारोबार गर्दै आएका थिए।

यहाँ उत्पादित लोक्ता ३ वटा ग्रेडमा बाँडिने र त्यहिअनुसारको मूल्य पाइन्छ। इलाम नगरपालिकाको पुवामझुवा क्षेत्रसहित सन्दकपुर, देउमाई र माईजोगमाइकोउच्च क्षेत्रमा पर्याप्त मात्रामा अर्गेली पाइन्छ। डिभिजन वन कार्यालय इलामकोतथ्यांक अनुसार अघिल्लो आर्थिक वर्षमा इलामबाट १ लाख ६ हजार ९ सय २६ किलो अर्गेली निर्यात भएको छ। यसबाट गुणस्तरीय कागज निर्माण हुने र जापानसहित युरोप र अन्यमुलुकमा पनि निर्यात हुने गरेको छ। अर्गेलीको बजार व्यवस्थित गर्दै कृषकस्तरबाटउत्पादन बढाउने हो भने स्थानीयस्तरमा रोजगारी सिर्जना र वैदेशिक मुद्रा आर्जनकोभरपर्दो माध्यम बनाउन सकिन्छ।

# दर्ता खारेजीमा परेका १७ डाक्टर

काठमाडौँ। नेपाल मेडिकल काउन्सिलले १७ जना चिकित्सकको नाम दर्ता खारेज गरेको छ। नेपाली नागरिकता परित्याग गरी विदेशी राहदानी र नागरिकता लिएको पुष्टि भएपछि ती चिकित्सकहरूको काउन्सिलको दर्ता किताबबाट नाम हटाइएको हो।

काउन्सिलले शुक्रबार एक सूचना जारी गर्दै नेपाल मेडिकल काउन्सिल ऐन २०२०, नियमावली २०२४ र नेपाल नागरिकता ऐन २०६३ बमोजिम ती चिकित्सकहरूको दर्ता खारेज गर्ने निर्णय भएको जनाएको छ। यो निर्णय सूचना प्रकाशित भएकै मितिदेखि लागू भएको छ।

दर्ता खारेज गरिएका चिकित्सकहरूले बेलायत (ब्रिटिश), अमेरिका (अमेरिकी), अष्ट्रेलिया, क्यानडा, हङकङ, पोर्चुगल र भारतको नागरिकता लिएको पाइएको छ। नाम हटाइएका चिकित्सकहरूमा डा. शर्मिला गुरुङ, डा.रोशन भुषाल, डा. मोति गुरुङ, डा. देवराज रेग्मी, डा.मेरिना गुरुङ, डा.निरन्जन देव पाण्डे, डा.रोजन केसी, डा.ममता गुरुङ, डा.राजिब हमाल र डा.सलुजा सिंह थारू रहेका छन्।

त्यसैगरी डा.सुजना के.सी., डा. जोस्ना शाही, डा.. मनिषा हमाल, डा. सुप्रिया शाक्य, डा. इच्छा न्यौपाने, डा.दिपेन ढकाल र डा.तुषार सरवजनाको पनि नाम दर्ता खारेज गरिएको काउन्सिलले जनाएको छ। नेपाली नागरिकका रूपमा काउन्सिलमा दर्ता भएका चिकित्सकहरूले विदेशी नागरिकता लिएपछि पुरानो दर्ता स्वत: अवैध हुने कानुनी व्यवस्था छ।

## दैनिक राशिफल



आज मिति
२०८३ साल
वैशाख १३ गते
आइतबार
26 April 2026
तिथि: दशमी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | लेखाई पढाईमा सफलता लगानी उठ्ने सम्भावना । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | कार्यमा सफलता मित्रबाट सहयोग । |
| तुला | रा री रु रे रो ता ती तु ते | राम्रो संगत उपकारको कार्यबाट लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा अशान्ति कार्यमा अवरोध । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | घरायसी जमघट भूमी, भवनको कारोबारबाट लाभ |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पाहुना सत्कार अन्न, द्रव्य लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | नयाँ कामको सुरु राज्य पक्षबाट सहयोग । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | घरायसी सामान जोडिन सक्ने सामान्य लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मनमा हौसला मातापिताबाट सहयोग । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | शत्रुको भय कार्यमा अवरोध । |
| धनु | य यो भा भी भ धा फा ढ भे | तिर्थ यात्रा मान्यजनको सहयोग । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | वैदेशिक मार्गमा सुधार आफन्तको प्रगति । |

# गौरादहमा जमावीको भवन निर्माण कार्य सुरू



गौरादह । झापाको गौरादह नगरपालिका-१ स्थित श्री जनता माध्यमिक विद्यालयको नयाँ भवन निर्माण प्रक्रिया औपचारिक रूपमा सुरु भएको छ ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्की, काठमाडौँस्थित भारतीय राजदूतावासकी काउन्सलर गीताञ्जली ब्रान्डन र गौरादह नगरपालिकाका मेयर छत्रपति सुवेदीले आज एक विशेष समारोहबिच संयुक्त रूपमा विद्यालय भवनको शिलान्यास गरेका हुन् ।

भारत सरकारको करिब ५ करोड ८० लाख नेपाली रुपैयाँ आर्थिक सहयोगमा निर्माण हुन लागेको यो भवन उच्च प्रभाव सामुदायिक विकास परियोजनाअन्तर्गत निर्माण हुन लागेको हो । यस परियोजनाको कार्यान्वयन र रेखदेख गौरादह नगरपालिकाले गर्नेछ ।

शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले नेपालको शैक्षिक र पूर्वाधार विकासमा भारत सरकारले निरन्तर गर्दै आएको सहयोगको प्रशंसा गरे । नयाँ बन्ने आधुनिक संरचनाले गौरादह क्षेत्रका विद्यार्थी र शिक्षकहरूका लागि सिकाईको गुणस्तरीय वातावरण तयार पार्ने र यसले स्थानीय शिक्षाको स्तर उकास्न ठुलो सहयोग पुऱ्याउने विश्वास कार्यक्रमका सहभागीहरूले व्यक्त गरे ।

अन्तर्राष्ट्रिय

## ईजरायली आक्रमणमा १३ को मृत्यु



एजेन्सी/ प्यालेस्टिनी क्षेत्रका विभिन्न स्थानमा प्रहरीलाई लक्षित गरी भएको इजरायली आक्रमणमा कम्तिमा १३ जनाको मृत्यु भएको गाजाको नागरिक रक्षा एजेन्सीले जनाएको छ । अक्टोबरको युद्धविरामको बावजुद, इजरायली आक्रमण जारी रहँदा गाजाले दैनिक हिंसाको सामना गर्न बाध्य छ भने इजरायली सेना र हमास दुवैले एकअर्कालाई युद्धविराम तोडेको आरोप लगाएका छन् ।

खान युनिसको अल(मवासी क्षेत्रमा भएको इजरायली हवाई आक्रमणमा एक बालकसहित आठ जनाको मृत्यु भएको र अन्य धेरै घाइते भएको नागरिक सुरक्षा एजेन्सीले जनाएको छ । उत्तरी गाजाको बेत लाहियाको कमल अदवान अस्पताल नजिकैको आवासीय घरमा भएको इजरायली आक्रमणमा आमा र दुई बच्चासहित तीन जनाको मृत्यु भएको जनाइएको छ । इजरायली विमानले गाजा सहरको प्रहरी गस्तीमा प्रहार गर्दा दुई जना प्रहरी अधिकारीको ज्यान लिएको अन्य दुई जना घाइते भएको जनाइएको छ ।

गाजाको अल(सिफा र नासेर अस्पतालले पीडितको नाम प्रकाशित गर्दै मृत्युकको सङ्ख्या पुष्टि गरेको छ । युद्धविराम सुरु भएदेखि कम्तिमा ७९२ जना प्यालेस्टिनीको मृत्यु भएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ । यसै गरी इजरायली सेनाले युद्धविराम सुरु भएदेखि गाजामा पाँच जना सैनिक मारिएको जनाएको छ ।

खेलकुद

## नेपालसँग युएई ३७ रनले पराजित



एजेन्सी । दीपेन्द्रसिंह ऐरीको अर्धशतकमा नेपालले आईसीसी क्रिकेट विश्वकप लिग(२ मा संयुक्त अरब इमिरेट्स (यूएई)लाई ३७ रनले पराजित गरेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा जितका लागि नेपालले दिएको २०१ रनको लक्ष्य पछ्याएको यूएई ४८ ओभर २ बलमा १६३ रनमा समेटियो ।

यूएईका लागि हर्पित सिंह भाटियाले सर्वाधिक ३९ रन बनाए । उनले ५२ बलमा ५ चौका प्रहार गरे । कप्तान मोहम्मद वासिमले ५१ बलमा ३४ बनाउँदा अक्षदीप नाथ ३० मा आउट भए ।

यस्तै, आर्यन्स शर्मा र निलांश केश्वानी समान १८(१८ रन बनाए । अन्य ब्याटर दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बलिङमा नेपालका करण केसी एक्लैले ४ विकेट लिए । सोमपाल कामी र सन्दीप लामिछानेले समान २(२ विकेट हात पारे । दीपेन्द्रसिंह ऐरी र ललित राजवंशीको नाममा एक(एक विकेट रह्यो ।

त्यसअघि त्रिवि क्रिकेट मैदानमा यूएईले टस जितेर फिल्डिङ रोजेपछि ब्याटिङको निम्तो पाएको नेपालले ४८ ओभर २ बलमा २०० रन बनाएको थियो । उपकप्तान दीपेन्द्रसिंह ऐरीको ७५ रनको योगदानमा नेपाल यो स्थितिमा पुगेको हो । दीपेन्द्रले ९० बलमा ५ चौका र २ छक्का प्रहार गरे ।

ओपनर कुशल भुर्तेल २४, आसिफ शेख ७, भीम सार्की १०, कप्तान रोहित पौडेल २, बसिर अहमद २०, आरिफ शेख १५, सोमपाल कामी १५ र करण केसी २२ रनमा आउट भए । ललित राजवंशी शून्यमा अविजित रहे ।

बलिङमा यूएईका जुनाइद सिद्धिकी र अजय कुमारले ३(३ विकेट लिए । खुजाइमा तनभीरले दुई तथा हैदर अली र मोहम्मद शाहदादले एक(एक विकेट हात पारे ।

अब नेपालले आफ्नो दोस्रो खेलमा बुधबार ओमनसँग प्रतिस्पर्धा गर्नेछ । सन् २०२७ को एकदिवसीय विश्वकपको छनोटको आधार रहेको ८ राष्ट्र समावेश लिग २ को अंकतालिकामा नेपाल र यूएई पुछारको दुई स्थानमा छन् ।

---

**देश**...आयोजक संस्थाका पदाधिकारी, आजीवन सदस्य, सल्लाहकार, सञ्चारकर्मी तथा साहित्यप्रेमीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

संस्थाका उपाध्यक्ष यादवप्रसाद अधिकारीले स्वागत मन्तव्य राखेको सो कार्यक्रममा उपाध्यक्ष चन्द्रा गड्तौलाको नेतृत्वमा स्वागत गीत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा कोशी साहित्यिक कला प्रतिष्ठानका केशु विरही राई, उर्जाशिल साहित्य कला प्रतिष्ठानबाट डिपी शर्मा, संस्थाको तर्फबाट पूर्व अध्यक्ष तथा सल्लाहकार नरपति पाण्डे, सम्मानित श्रष्टाको तर्फबाट प्राडा भीम खतिवडा, खेम नेपाली लागयतले बोल्नु भएको थियो । वक्ताहरुले नेपाली साहित्यको विकास, स्रष्टाहरूको योगदान तथा साहित्यिक संस्थाहरूको भूमिकाबारे चर्चा गरेका थिए । कार्यक्रममा उपस्थित अतिथिहरूले यस्ता पुरस्कारले स्रष्टाहरूलाई थप सिर्जनात्मक कार्यमा प्रेरित गर्ने विश्वास व्यक्त गरे । साथै साहित्यिक गतिविधिहरूलाई निरन्तरता दिँदै नयाँ पुस्तालाई साहित्यतर्फ आकर्षित गर्नुपर्नेमा जोड दिइएको थियो । सो कार्यक्रम संस्थाका महासचिव तथा साहित्यकार ओमप्रसाद खनालले सञ्चालन गरेका थिए ।

दमकस्थित उक्त साहित्यिक संस्थाले भाषा, साहित्य, कला, संस्कृति र समाजसेवामा उल्लेखनीय योगदान दिँदै आएको छ । वि.सं. २०५२ मा स्थापना भएको संस्थाले स्रष्टाहरूलाई सम्मान गर्ने, नयाँ पुस्तालाई सिर्जनात्मक क्षेत्रमा आकर्षित गर्ने तथा सभ्य समाज निर्माणमा सहयोग गर्ने उद्देश्यसहित निरन्तर गतिविधि सञ्चालन गर्दै आएको जनाएको छ ।

संस्थाले मासिक रूपमा रचना वाचन, अन्तरक्रिया, कार्यशाला तथा प्रतियोगितामार्फत स्रष्टाहरूको क्षमता विकास गर्दै आएको छ। यसबाट धेरै नयाँ लेखक, कलाकार तथा सर्जक उत्पादन भएको बताइएको छ ।

संस्थाको गतिविधिलाई सहयोग पुऱ्याउन विभिन्न दाताहरूले अक्षयकोष स्थापना गरेका छन् । दमक(१ का भवानी मिश्रले ४१ लाख ५० हजार रुपैयाँको अक्षयकोष स्थापना गरेका छन्, जसबाट वार्षिक रूपमा नगदसहित 'भवानी मिश्र पुरस्कार' प्रदान गरिँदै आएको छ । यस्तै, संस्थाले आफ्नै पहलमा ५ लाख रुपैयाँको कोष स्थापना गरी 'साहित्य कलाश्री पुरस्कार' प्रदान गर्दै आएको छ ।

डा. लेखनाथ न्यौपाने परिवारद्वारा स्थापित १० लाख रुपैयाँको 'तुलसादेवी न्यौपाने स्मृति कोष'बाट विद्यार्थीलाई छात्रवृत्ति तथा स्मृति पुरस्कार वितरण गरिन्छ । साथै, शारदा निरौलाद्वारा स्थापित 'रूद्र निरौला स्मृति कोष' र वीरेन्द्र खड्काद्वारा स्थापित 'चन्द्रवीर खड्का स्मृति कोष'बाट पनि वार्षिक पुरस्कार प्रदान गरिँदै आएको छ ।

संस्थाले हालसम्म विभिन्न विशेषाङ्कसहित 'सङ्गम' पत्रिकाका १८ अङ्क प्रकाशित गरिसकेको छ । विगतमा सञ्चालन गरिएका सङ्गीत प्रशिक्षण कक्षाबाट उत्पादन भएका कलाकारहरू देश तथा विदेशमा सक्रिय रहेको संस्थाले जनाएको छ । हाल संस्थाको कार्यालय दमक(६ भानुचोकमा रहेको सो संस्थासँग दमक(२ मा दानस्वरूप प्राप्त जग्गा समेत रहेको छ ।

साहित्य कला सङ्गमले लक्ष्मी जयन्ती, भानु जयन्ती, मोती जयन्ती लगायतका कार्यक्रमहरू नियमित रूपमा मनाउँदै आएको छ भने पुस्तक विमोचन, गजल वाचन, बालसाहित्य कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको जनाएको छ ।

**मदन**...अवस्थामा पुगेका छन् ।

पुल निर्माण हुने कतिपय क्षेत्र वन क्षेत्रमा पर्ने र रुख कटानको अनुमति पाउन समय लागेकाले काममा ढिलाइ भएको बताउँदै केही पुल अझै अधुरा रहेका छन् । कार्यालयका अनुसार यहाँको सडक तथा पुल निर्माणको लागत रु १० अर्ब १३ करोड रहेको छ । त्यस मध्ये ६ अर्व पुलका लागिा रहेको छ भने बाँकि सडकका लागि खर्च हुँदैछ ।

झापामा पाँच वटा पुल निर्माण सम्पन्न भएका छन् । जसमा ढोङ्गे खोला, खार खोला, दामा खोला, हँडिया खोला र गगटे खोलाका पुल रहेका छन् । झापा र इलामको सिमानामा पर्ने २२० मिटर लामो बिरिङ खोलाको पुल पनि निर्माण भइसकेको छ । मोरङमा धानखेती, खहरे, डाले, मुगु खोला, खुदुम, मोराङ्गी, तेली र नुसरी खोलाका पुल बनेका छन् ।

यस राजमार्गको पूर्वी खण्ड मध्ये इलाम क्षेत्रमा सबैभन्दा बढी पुल रहेका छन् । यहाँका १३ वटा पुलको निर्माण सम्पन्न भएका हुन् । सुखानी शहादतस्थल, बुढी खोला, सुखानी खोला, टाङटिङ, गोयाङ, सानोनेते, ठूलोनेते, रतुवा, बुकुवा सानो, बुकुवा ठूलो, विधुवा खोला, चाँजु खोला र बागद्वार खोलाका पुल सञ्चालनका लागि तयार भएका छन् ।

पुल निर्माण बाँकी रहेका १२ स्थानमध्ये मोरङमा आठ वटा र सुनसरीमा चार वटा रहेका छन् । मोरङको सोल्टी(१, सोल्टी(२, मिखि खोला, बालुवा खोला, सानो नेते, तुर्की खोला, हचुवा र साउने खोलामा पुल निर्माण अन्तिम चरणमा पुगेका सूचना अधिकारी दत्तले बताउनुभयो । सुनसरीका चार वटा पुल रेल्वे रिभर, ठकुरी खोला, बाघ खोला र बगुवा खोलाको निर्माण सम्पन्न हुन बाँकी छन् । पुल निर्माणले पूर्वी नेपालको यातायात र आर्थिक विकासमा ठूलो टेवा पुग्ने विश्वास लिइएको छ ।

यो राजमार्गले झापा(मोरङ्को उत्तरी क्षेत्र हुँदै सुनसरीको धरान, चतरा, उदयरपुरको गाईघाट, कटारी, सिन्धुलीको सिन्धुलीमाडी, मकवानपुरको हेटौंडा, नवलपरासीको गैंडाकोट, पाल्पाको रामपुरबाट गुल्मीको रिडीलाई छोएको छ । त्यस्तै गुल्मीको तम्घास, शिमलटारी, प्युठानको बागदुला, देवीस्थान, दाङको घोराही, तुलसीपुर, पुरनधारा, सुर्खेतको बोटेचौर, बयीचौर, डोटीको सिमचौर, वीपीनगर, कैलालीको सहजपुर, डडेलधुराको बुडर, जोगबुढा हुँदै रुपालसम्मलाई जोड्ने यो राजमार्गले चुरे क्षेत्रको दिर्घकालिन विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

**जम्मर**...कार्यक्रम भएको थियो । सो कार्यक्रममा आम्दा अस्पताल दमकका डा.शिखर कट्टेल, पविना कट्टेल तथा दमक अस्पतालका डा.डिकप्रसाद कट्टेललाई वंशका प्रतिभाको रुपमा सम्मान गरियो । यस्तै ज्येष्ठ सदस्यहरु तर्फ नन्दलाल, शिवलाल र छविलाल कट्टेललाई सम्मान गरिएको थियो । जमर कट्टेल वंशका सन्तान भएर पनि सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको र ज्येष्ठ सदस्य भई आफ्ना सन्तान र समाजका लागि विभिन्न ज्ञान, शिप तथा मार्गदर्शन गरि योगदान पुऱ्याएकाले सम्मान गरिएको प्रतिष्ठानले जनाएको छ । कार्यक्रममा प्रमुख अतिथी नगरप्रमुख थापा, सम्मानीत डा. शिखर कट्टेल, दंगाल वंश उत्थान प्रतिष्ठानका अध्यक्ष राजेन्द्र दंगाल लगायतले मन्तव्य राखेका थिए ।

**सुकुम्बासी**....फालिदिन्थे," उनले सञ्चारकर्मीसँग भने। उनले उक्त व्यक्ति डोजर चल्नुअघि नै फरार भएको पनि बताए । पास्वी सर्लाहीबाट आएर उक्त बस्तीमा भाडामा बस्दै आएका थिए ।

यस्तै, शान्तिनगरस्थित अर्को सुकुम्बासी बस्तीमा पनि यस्तै प्रकृतिको भाडा असुली हुने गरेको पाइएको छ। त्यहाँका सुनिल ठाकुरले पाँच वर्षदेखि बस्दै आएको बताउँदै मासिक आठ हजार रुपैयाँ भाडा तिर्दै आएको जानकारी दिए। "मेरो सानो पसल थियो, म यहाँ पाँच वर्षदेखि बस्दै आएको हुँ, मासिक आठ हजार तिर्थें," उनले भने। डोजर चल्ने सूचना पाएपछि उनले आफ्नो पसलका सामान अन्यत्र सारिसकेको बताए।

सरकारले थापाथली क्षेत्रका अधिकांश संरचना हटाइसकेको छ भने अहिले तीनकुने नजिकको गैह्रीगाउँ क्षेत्रमा पनि अवैध टहरा हटाउने काम जारी राखेको छ ।

यस घटनाले सुकुम्बासीको नाममा सार्वजनिक जग्गा कब्जा गरेर संगठित रूपमा भाडा असुली गर्ने प्रवृत्ति व्यापक रहेको संकेत गरेको छ। सरोकारवालाहरूले वास्तविक सुकुम्बासी पहिचान गरी उनीहरूलाई व्यवस्थित बसोबासको व्यवस्था गर्नुपर्ने र अवैध रूपमा चलिरहेका यस्ता धन्दा नियन्त्रणमा कडाइ गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

**उत्तरी**...कार्यालयको निरीक्षण तथा अवलोकन गर्दै ड्रोन क्यामेरा प्रणालीको उद्घाटन गरेका हुन्। सो अवसरमा उनले हिरासत पुस्तकालयको समेत अवलोकन गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै डीआईजी घिमिरेले पछिल्लो समय अपराधका स्वरूप जटिल, सूक्ष्म र प्रविधिमा आधारित बन्दै गएको उल्लेख गर्दै प्रहरीलाई पनि सोहीअनुसार प्रविधिमैत्री बनाउन आवश्यक रहेको बताए। उनले लेटाङमा सुरु गरिएको ड्रोन क्यामेरा प्रविधि समयसापेक्ष र नवप्रवर्तनशील कदम भएको उल्लेख गरे ।

लेटाङ क्षेत्र पहाडी भू(भाग, घना वनजंगल, खोलानाला तथा दुर्गम बस्तीले भरिएको हुँदा केवल मोबाइल तथा पैदल गस्तीबाट मात्रै प्रभावकारी निगरानी सम्भव नहुने उनले बताए। यस्ता भौगोलिक चुनौतीबीच ड्रोन क्यामेराको प्रयोगले सुरक्षा व्यवस्थापनलाई थप सशक्त र प्रभावकारी बनाउने विश्वास उनले व्यक्त गरे।

यसैगरी, "थुनुवालाई हात(हातमा किताब" भन्ने उद्देश्यसहित स्थापना गरिएको हिरासत पुस्तकालयले हिरासतमा रहेका व्यक्तिहरूलाई आत्मनिरीक्षण, अध्ययन तथा सकारात्मक सोचतर्फ प्रेरित गर्ने विश्वास व्यक्त गरिएको छ। कार्यक्रमकै क्रममा उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीहरूलाई प्रशंसापत्र तथा नगद पुरस्कार प्रदान गरिएको थियो।

इलाका प्रहरी कार्यालय लेटाङले आफ्नो कार्यक्षेत्रभित्र शान्ति सुरक्षा कायम राख्न, अपराध अनुसन्धान, ट्राफिक व्यवस्थापन, खोला(नालामा हुने अवैध उत्खनन, चोरी(तस्करी नियन्त्रण तथा आपतकालीन अवस्थामा छिटो प्रहरी पहुँच सुनिश्चित गर्न ड्रोन प्रविधिको प्रयोगलाई निरन्तरता दिने जनाएको छ। प्रविधियुक्त निगरानी प्रणालीमार्फत प्रहरी कार्यलाई अझ छिटो, प्रभावकारी र जनमैत्री बनाउँदै नागरिक र प्रहरीबीचको सम्बन्ध थप सुदृढ बनाउने लक्ष्य लिइएको प्रहरीले जनाएको छ।


गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available


Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,

बागडोगरा

गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०


ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू
१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।

आवद्ध डाक्टरहरु
- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)